# Koshi Province Police Training center, Biratnagar
E-Bulletin
Bhadra, 2081


- **साप्ताहिक निरीक्षण कार्यक्रम सम्पन्न**

(२०८१ भाद्र ०२ गते):

साप्ताहिक निरीक्षण कार्यक्रम अन्तर्गत आज मिति २०८१ भदौ ०२ गते यस केन्द्रका समादेशक प्रहरी वरिष्ठ उपरीक्षक अबि नारायण काफ्लेज्यूबाट निरीक्षण कार्यक्रम सम्पन्न भयो।

निरीक्षणको क्रममा समादेशकज्यूले यस केन्द्रमा कार्यरत सम्पूर्ण प्रहरी कर्मचारी लगायत प्रशिक्षणरत प्रशिक्षार्थीहरूको व्यक्तिगत टर्नआउट निरीक्षण गर्नुका साथै कोत गारद,ब्यारेक, मेस, क्यान्टिन चमेना गृह, आन्तरिक प्रशिक्षणालय लगायत सम्पूर्ण तालिम केन्द्र परिसरको निरीक्षण गर्नु भयो।



- **शुभ जन्मोत्सव शुभकामना आदान प्रदान कार्यक्रम सम्पन्न**

(२०८१ भाद्र ०६ गते):

यस केन्द्रका समादेशक प्रहरी वरिष्ठ उपरीक्षक अबि नारायण काफ्लेज्यूको प्रमुख आतिथ्यमा भदौ महिनामा जन्मदिन पर्ने प्रहरी कर्मचारीहरुको सामूहिक रुपमा जन्मोत्सवको शुभकामना आदान प्रदान कार्यक्रम सुसम्पन्न भयो।

कार्यक्रममा प्रमुख अतिथिज्यूले भदौ महिनाभरी जन्मदिन पर्ने प्रहरी कर्मचारीहरुलाई अबिर लगाई सामूहिक रुपमा केक काटी जन्मदिनको शुभ कामना दिनुका साथै सामूहिक फोटोसेसनमा समेत सरिक हुनु भयो।

उक्त कार्यक्रममा यस केन्द्रका प्रहरी निरीक्षकहरु, जुनियर प्रहरी अधिकृतहरु ,प्रशिक्षक वर्ग, प्र.का.स. तथा प्रशिक्षणरत प्रशिक्षार्थीहरु समेतको उपस्थिति रहेको थियो।



- **School Liaison Program सम्पन्न**

(२०८१ भाद्र ०७ गते):

यस कोशी प्रदेश प्रहरी तालिम केन्द्रको School Liaison Program अन्तर्गत जनता आदर्श बहुमुखी क्याम्पस पुष्पलाल चौक विराटनगरमा बी.एस.डब्लु र एम.एस.डब्लुमा अध्यानरत विद्यार्थीहरूलाई मिति २०८१ भदौ ६ र ७ गते साईबर अपराध सम्बन्धी यस केन्द्रका प्र.नि. गुरू प्रसाद तिम्सिनाले प्रशिक्षण प्रदान गर्नु भयो।



- **प्रकृति विचरण (Nature Walk) कार्यक्रम सम्पन्न**

(२०८१ भाद्र ०९ गते):

२०८१ साउन ०६ गतेबाट यस केन्द्रमा संचालन भईरहेको कार्यालय सञ्चालन दक्षता अभिवृद्धी (प्र.ज.देखि जु.प्र.अ.) तालिम २४ औं समूहको पाठ्यक्रम अनुसारको कार्यतालिका बमोजीम आज मिति २०८१ भदौ ०९ गते धरान - २० स्थित रहेको चिन्डे डाँड तथा श्रम संस्कृती पार्कको प्रकृति विचरण (Nature Walk) कार्यक्रम सम्पन्न भयो।

उक्त कार्यक्रममा कोशी प्रदेश प्रहरी प्रमुख श्रद्धेय श्रीमान् प्रहरी नायव महानिरीक्षक चन्द्र कुबेर खापुङज्यू,यस केन्द्रका समादेशक प्रहरी वरिष्ठ उपरीक्षक अबि नारायण काफ्लेज्यू, प्रहरी निरीक्षकहरु, प्रशिक्षक वर्ग तथा प्रशिक्षार्थीहरुको सहभागिता रहेको थियो।



- **कार्यालय सञ्चालन दक्षता अभिवृद्धि (प्र.ज. देखि जु.प्र.अ.) २४ औं समूहको अन्तरक्रिया तथा समापन कार्यक्रम सम्पन्न**

(२०८१ भदौ १२ गते):

मिति २०८१ साउन ०६ गतेबाट यस केन्द्रमा संचालन भएको ३० कार्य दिन अवधिको कार्यालय सञ्चालन दक्षता अभिवृद्धि (प्र.ज. देखि जु.प्र.अ.) २३ औं समूहको आज मिति २०८१ भदौ १२ गते यस केन्द्रका समादेशक प्रहरी वरिष्ठ उपरीक्षक अबि नारायण काफ्लेज्यूको प्रमुख आतिथ्यमा समापन कार्यक्रम सु-सम्पन्न भयो।

उक्त कार्यक्रममा दीक्षित भई जाने प्रहरी कर्मचारीहरुलाई प्रमुख अतिथीज्यूद्वारा शुभ-कामना एवं बधाई दिंदै कार्यक्षेत्रमा पाएको जिम्मेवारी अनुशासित, इमान्दार, कर्तव्यनिष्ठ, सभ्य र सुसंस्कृत हुँदै राज्य, संगठन र जनताप्रति इमान्दार भएर कार्यसम्पादन गर्नु हुन समेत निर्देशन दिनु भयो।

कार्यक्रममा यस केन्द्रका प्रहरी निरीक्षक तथा तालिम संयोजक मिलन थापा, प्रहरी निरीक्षक गुरू प्रसाद तिम्सिना, प्रहरी निरीक्षक देउ प्रसाद लिम्बु लगयत जुनियर प्रहरी अधिकृतहरु तथा गुरुवा वर्गहरुको उपस्थिति रहेको थियो।



- **भीड नियन्त्रण (प्र.ज.देखि सि.प्र.अ.) तालिम ९७ औं समूहको तालिम उद्घाटन कार्यक्रम सम्पन्न**

(२०८१ भदौ १३ गते):

मिति २०८१ भदौ १३ गते बाट यस केन्द्रमा संचालन हुन गईरहेको १८ कार्यदिन अवधिको भीड नियन्त्रण (प्र.ज.देखि सि.प्र.अ.) तालिम ९७ औं समूहको तालिम संयोजक प्रहरी निरीक्षक मिलन थापाज्यूको प्रमुख आतिथ्यमा उद्घाटन कार्यक्रम सु-सम्पन्न भयो।




- **हाजिरी जवाफ प्रतियोगीता कार्यक्रम सम्पन्न**

  (२०८१ भदौ १३ गते):

  नेपाल प्रहरीको तालिम कार्यादेश २०७९ अनुसार अतिरिक्त क्रियाकलाप अन्तर्गत हाजिरी जवाफ प्रतियोगीता यस केन्द्रका समादेशक प्रहरी वरिष्ठ उपरीक्षक अबि नारायण काफ्लेज्यूको प्रमुख आतिथ्यमा आज मिति २०८१ भदौ १३ गते प्र.स.नि.आधारभूत (अल्पकालिन), भि.नि.,अ.अ.,रेडियो अप्रेटर ग्रेड श्री र ट्राफिक नियन्त्रण तालिमको सहभागीतामा सम्पन्न भएको।

  जसमा प्रथम रेडियो अप्रेटर ग्रेड श्री, द्वितीय ट्राफिक नियन्त्रण र तृतीय भिड नियन्त्रण भएको।



- **प्रहरी कर्मचारीहरुको समादेशकज्यूसँग दिवा खाना कार्यक्रम सम्पन्न**

  (२०८१ भदौ १४ गते):

  आज मिति २०८१ भदौ १४ गते यस केन्द्रका समादेशक प्रहरी वरिष्ठ उपरीक्षक अबि नारायण काफ्लेज्यू सहित सिनियर प्रहरी अधिकृतहरु यस केन्द्रमा कार्यरत प्रहरी कर्मचारीहरुसँग संयुक्त रुपमा दिवा खानामा सरिक हुनु हुँदै।



- **मन्दिर सरसफाई कार्यक्रम सम्पन्न**

  (२०८१ भदौ १४ गते):

  आज मिति २०८१ भदौ १४ गते यस केन्द्रका समादेशक प्रहरी वरिष्ठ उपरीक्षक अबि नारायण काफ्लेज्यू सहित सिनियर प्रहरी अधिकृतहरु तथा यस केन्द्रमा कार्यरत प्रहरी कर्मचारीहरु र प्रशिक्षणरत प्रहरी कर्मचारीहरुको संयुक्त सहभागीतामा समुदाय-प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत विराटनगर महानगरपालिका १६ स्थित रहेको किराँतेश्वर शिव मन्दिर सरसफाई कार्यक्रम सम्पन्न भयो।



- **समादेशक लगायत कार्यरत सक्कल दर्जाका प्रहरी कर्मचारीहरुको संयुक्त सहभागितामा तालिम केन्द्रको बृहत् सरसफाई कार्यक्रम सम्पन्न**

  (२०८१ भदौ १४ गते):

  आज मिति २०८१ भदौ १४ गते यस केन्द्रका समादेशक प्रहरी वरिष्ठ उपरीक्षक अबि नारायण काफ्लेज्यू सहित सिनियर प्रहरी अधिकृतहरु तथा यस केन्द्रमा कार्यरत प्रहरी कर्मचारीहरु र प्रशिक्षणरत प्रहरी कर्मचारीहरुको संयुक्त सहभागीतामा यस केन्द्रको एरीया इलाकाको बृहत् सरसफाई कार्यक्रम सम्पन्न भयो।



- **नेपाल प्रहरी कार्य दक्षता मूल्याङ्कन (Police Baton) २०८१ को निरीक्षण कार्यक्रम सम्पन्न**

  (२०८१ भदौ १७ गते):

  आज मिति २०८१ भदौ १७ गते यस कोशी प्रदेश प्रहरी तालिम केन्द्र, विराटनगरमा "नेपाल प्रहरी कार्यदक्षता मूल्याङ्कन (Police Baton)" निरीक्षणको शिलशिलामा पाल्नु भएका राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान महाराजगञ्जका कार्यकारी निर्देशक प्रहरी अतिरिक्त महानिरीक्षक सुदिप गिरीज्यू समेतको समितिद्वारा यस केन्द्रको निरीक्षण सम्पन्न भयो।



- **व्यक्तिगत सूरक्षा (प्र.ज. देखि प्र.व.ह.) तालिम २७ औं समूहको उद्घाटन कार्यक्रम सम्पन्न**

(२०८१ भदौ १८ गते):
मिति २०८१ भदौ १३ गतेबाट यस तालिम केन्द्रमा संचालन हुन गईरहेको १८ कार्यदिन अवधिको व्यक्तिगत सूरक्षा (प्र.ज. देखि प्र.व.ह.) तालिम २७ औं समूहका तालिम संयोजक प्रहरी निरीक्षक गुरु प्रसाद तिम्सिनाज्यूको प्रमुख आतिथ्यमा उद्घाटन कार्यक्रम सु-सम्पन्न भयो।




- **तिज मिलन तथा दर खाने कार्यक्रम सम्पन्न**

(२०८१ भदौ १९ गते):
यस केन्द्रका समादेशक प्रहरी वरिष्ठ उपरिक्षक अबि नारायण काफ्लेज्यूको प्रमुख आतिथ्यमा महिलाहरूको महान चाड हरितालिका तिजको अवसरमा आयोजित तिज मिलन तथा दर खाने कार्यक्रम सम्पन्न भयो।



- **मैत्रीपूर्ण फुटवल खेल सम्पन्न**

(२०८१ भदौ २० गते)
आज मिति २०८१ भदौ २० गते यस केन्द्रका सह-समादेशक प्रहरी नायव उपरीक्षक रविन विष्टज्यूको प्रमुख आतिथ्यमा यस केन्द्रबाट इलाका प्रहरी कार्यालय, चैनपुर, संखुवासभा सरूवा हुनु भएका प्रहरी निरीक्षक देउ प्रसाद लिम्बुको सम्मान तथा फेरी भेटौला कार्यक्रम अन्तर्गत फुटवल खेल सम्पन्न भयो।



- **फेरी भेटौला तथा शुभकामना ज्ञापन कार्यक्रम सम्पन्न**

(२०८१ भदौ २१):
तालुक नेपाल प्रहरी प्रधान कार्यालय मानवश्रोत विकास विभाग कर्मचारी प्रशासन शाखाको मिति २०८१ भदौ १७ गतेको निर्णयले यस केन्द्रबाट इलाका प्रहरी कार्यालय चैनपुर, संखुवासभा दरबन्दीमा हाजिर हुन जान लाग्नु भएका प्रहरी निरीक्षक देउ प्रसाद लिम्बुलाई यस तालिम केन्द्रका समादेशक प्रहरी वरिष्ठ उपरीक्षक अबि नारायण काफ्लेज्यूको प्रमुख आतिथ्यमा नयाँ कार्यक्षेत्रमा सफलताको शूभकामना सहित आज मिति २०८१ भदौ २१ गते फेरी भेटौला तथा शुभकामना ज्ञापन कार्यक्रम सु-सम्पन्न भयो।



- **अपराध अनुसन्धान तथा नियन्त्रण (प्र.ज.देखि प्र.व.ह.) तालिम १०१ औं समूहका प्रशिक्षार्थीसंग प्यानल छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न**

(२०८१ भदौ २१ गते):
मिति २०८१/०४/२१ गते देखि यस केन्द्रमा सञ्चालित अपराध अनुसन्धान तथा नियन्त्रण (प्र.ज. देखि प्र.व.ह) तालिम १०१ औं समूहका प्रशिक्षार्थीहरुसंग जिल्ला प्रहरी कार्यालय मोरङका प्रहरी नायव उपरीक्षक ज्ञानेन्द्र बस्नेत, यस केन्द्रका सह-समादेशक प्रहरी नायव उपरीक्षक रविन विष्ट, जिल्ला सरकारी वकिल कार्यालय, मोरङका सहायक जिल्ला न्यायधिवक्ता निर्मल नेपाल, मोरङ जिल्ला अदालतका शाखा अधिकृत खगेन्द्र प्रसाद तिवारीज्यूसँग प्रशिक्षार्थीहरुद्वारा अपराध अनुसन्धान,अभियोजन र फैसला कार्यान्वयनसँग सम्बन्धित विषयवस्तुहरुमा प्यानल छलफल तथा अन्तरक्रिया कार्यक्रम आज मिति २०८१ भदौ २१ गते सम्पन्न भयो।



- **अपराध अनुसन्धान तथा नियन्त्रण (प्र.ज. देखि प्र.व.ह.) १०१ औं समूहको अन्तरक्रिया तथा समापन कार्यक्रम सम्पन्न**

(२०८१ भदौ २३ गते):
मिति २०८१ साउन २१ गतेबाट यस केन्द्रमा संचालन भएको २६ कार्य दिन अवधिको अपराध अनुसन्धान तथा नियन्त्रण (प्र.ज. देखि प्र.व.ह.) १०१ औं समूहको आज मिति २०८१ भदौ २३ गते यस केन्द्रका समादेशक प्रहरी वरिष्ठ उपरीक्षक अबि नारायण काफ्लेज्यूको प्रमुख आतिथ्यमा समापन कार्यक्रम सम्पन्न भयो।

उक्त कार्यक्रममा दीक्षित भई जाने प्रहरी कर्मचारीहरुलाई प्रमुख अतिथीज्यूद्वारा शुभ-कामना एवं बधाई दिँदै कार्यक्षेत्रमा पाएको जिम्मेवारी अनुशासित, इमान्दार, कर्तव्यनिष्ठ, सभ्य र सुसंस्कृत हुँदै राज्य, संगठन र जनताप्रति इमान्दार भएर कार्यसम्पादन गर्नु हुन समेत निर्देशन दिनु भयो।

कार्यक्रममा यस केन्द्रका सह-समादेशक प्र.ना.उ. रविन विष्ट,प्रहरी निरीक्षक तथा तालिम संयोजक मिलन थापा,जुनियर प्रहरी अधिकृतहरु लगायत प्रशिक्षक वर्गहरु समेतको उपस्थिति रहेको थियो।



- **महिला प्रहरी कर्मचारीहरुसंग मासिक मिटीङ तथा अन्तर्क्रिया कार्यक्रम सम्पन्न**

(२०८१ भाद्र २७ गते):
महिला प्रहरी कर्मचारीहरुसंग समादेशक कार्यक्रम अन्तर्गत आज मिति २०८१ भदौ २७ गते यस केन्द्रका समादेशक प्रहरी वरिष्ठ उपरीक्षक अबि नारायण काफ्लेज्यूको प्रमुख आतिथ्यमा यस केन्द्रमा कार्यरत सम्पूर्ण महिला प्रहरी कर्मचारीहरुसंग अन्तरक्रिया कार्यक्रम सु-सम्पन्न भयो।

कार्यक्रममा प्रमुख अतिथिज्यूले महिला प्रहरी कर्मचारीहरुको व्यक्तिगत तथा कार्यालयमा भएका समस्या तथा सामाधानका उपायहरुको बारेमा समेत जिज्ञासा व्यक्त गर्दै आफ्नो जिम्मेवारी अनुशासित, इमान्दार र कर्तव्यनिष्ठ भई सम्पादन गर्न हुन निर्देशन दिनु भयो।



- **वृक्षारोपण कार्यक्रम सम्पन्न**

(२०८१ भाद्र २७ गते):
आज मिति २०८१ भदौ २७ गते यस केन्द्रका समादेशक श्रद्धेय श्रीमान् प्रहरी वरिष्ठ उपरीक्षक अबि नारायण काफ्लेज्यूको प्रमुख आतिथ्यमा यस केन्द्रका प्रशिक्षक वर्गहरुको सामूहिक उपस्थितीमा विभिन्न प्रजातीका ५० वटा बिरुवा रोपी वृक्षारोपण कार्यक्रम सम्पन्न भयो।

उक्त कार्यक्रममा यस केन्द्रका सह-समादेशक प्रहरी नायव उपरीक्षक रविन विष्ट, प्रहरी निरीक्षकहरु, जुनियर प्रहरी अधिकृतहरु लगायत प्रशिक्षक वर्गहरु समेतको उपस्थिती रहेको थियो।



- **लोकदोहोरी गायन कार्यक्रम सम्पन्न:**

(२०८१ भदौ २७ गते):
आज मिति २०८१ भदौ २७ गते यस केन्द्रका समादेशक श्रद्धेय श्रीमान् प्रहरी वरिष्ठ उपरीक्षक अबि नारायण काफ्लेज्यूको प्रमुख आतिथ्यमा यस केन्द्रको साप्ताहिक कार्यक्रम अन्तर्गत अतिरिक्त क्रियाकलाप "लोकदोहोरी गायन" कार्यक्रम सम्पन्न भयो।

कार्यक्रममा यस केन्द्रमा सञ्चालन भई रहेको आधारभूत एवं उन्नत तालिमका प्रशिक्षार्थीहरुले सहभागीता जनाएको थियो।

उक्त कार्यक्रममा यस केन्द्रका सह-समादेशक प्रहरी नायव उपरीक्षक रविन विष्ट, प्रहरी निरीक्षकहरु, जुनियर प्रहरी अधिकृतहरु, प्रशिक्षक वर्ग लगायत आधारभूत एवं उन्नत तालिमका प्रशिक्षार्थीहरु समेतको उपस्थिती रहेको थियो।



- **Zumba Dance कार्यक्रम सम्पन्न**

(२०८१ भदौ २८ गते):
आज मिति २०८१ भदौ २८ गते यस केन्द्रका समादेशक श्रद्धेय श्रीमान् प्रहरी वरिष्ठ उपरीक्षक अबि नारायण काफ्लेज्यूको प्रमुख आतिथ्यमा यस केन्द्रको साप्ताहिक कार्यक्रम अन्तर्गत अतिरिक्त क्रियाकलाप "Zumba Dance" कार्यक्रम सम्पन्न भयो।

उक्त कार्यक्रममा यस केन्द्रका सह-समादेशक प्रहरी नायव उपरीक्षक रविन विष्ट, प्रहरी निरीक्षकहरु, जुनियर प्रहरी अधिकृतहरु, प्रशिक्षक वर्ग लगायत आधारभूत एवं उन्नत तालिमका प्रशिक्षार्थीहरु समेतको सहभागीता रहेको थियो।



- **घट्नास्थल अधिकृत पूनर्ताजगी (जु.प्र.अ.देखि प्र.ज.) तालिम ३९ औं समूह तालिम समापन कार्यक्रम सम्पन्न**

(२०७१ भदौ २८ गते):

मिति २०८१ भदौ २३ गतेबाट यस केन्द्रमा सञ्चालन भएको ०६ कार्य दिन अवधिको गैह आवासीय घट्नास्थल अधिकृत पूनर्ताजगी (जु.प्र.अ.देखि प्र.ज.) तालिम ३९ औं समूहको आज मिति २०८१ भदौ २८ गते यस केन्द्रका समादेशक प्रहरी वरिष्ठ उपरीक्षक अबि नारायण काफ्लेज्यूको प्रमुख आतिथ्यमा समापन कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा दीक्षित भई जाने प्रहरी कर्मचारीहरुलाई प्रमुख अतिथीज्यूले शुभ-कामना एवं बधाई दिंदै कार्यक्षेत्रमा पाएको जिम्मेवारी अनुशासित, इमान्दार, कर्तव्यनिष्ठ, सभ्य र सुसंस्कृत हुँदै राज्य, संगठन र जनताप्रति इमान्दार भएर कार्यसम्पादन गर्नु हुन समेत निर्देशन दिनु भयो ।



- **हिरासत तथा कारागार सुरक्षा (जु.प्र.अ.) तालिम छैठौं समूहको अन्तरक्रिया तथा समापन कार्यक्रम सम्पन्न**

(२०८१ भदौ ३० गते):

मिति २०८१ भदौ २४ गतेबाट यस केन्द्रमा संचालन भएको ०६ कार्य दिन अवधिको हिरासत तथा कारागार सुरक्षा( जु.प्र.अ.) तालिम छैठौं समूहको आज मिति २०८१ भदौ ३० गते यस केन्द्रका समादेशक प्रहरी वरिष्ठ उपरीक्षक अबि नारायण काफ्लेज्यूको प्रमुख आतिथ्यमा समापन कार्यक्रम सु-सम्पन्न भयो ।

उक्त कार्यक्रममा दीक्षित भई जाने प्रहरी कर्मचारीहरुलाई प्रमुख अतिथीज्यूले शुभ-कामना एवं बधाई दिंदै कार्यक्षेत्रमा पाएको जिम्मेवारी अनुशासित, इमान्दार, कर्तव्यनिष्ठ, सभ्य र सुसंस्कृत हुँदै राज्य, संगठन र जनताप्रति इमान्दार भएर कार्यसम्पादन गर्नु हुन समेत निर्देशन दिनु भयो ।

कार्यक्रममा यस केन्द्रका सह-समादेशक तथा तालिम संयोजक प्रहरी नायव उपरीक्षक रविन विष्ट, प्रहरी निरीक्षकहरु, जुनियर प्रहरी अधिकृहरु लगायत प्रशिक्षक वर्गाहरु समेतको उपस्थिती रहेको थियो ।



- **प्रकृति विचरण (Nature Walk) कार्यक्रम सम्पन्न:**

(२०८१ भदौ ३० गते):

२०८१ भदौ १८ गतेबाट यस केन्द्रमा संचालन भईरहेको व्यक्तिगत सुरक्षा (प्र.ज.देखि प्र.व.ह.) तालिम २७ औं समूहको पाठ्यक्रम अनुसारको कार्यतालिका बमोजीम आज मिति २०८१ भदौ ३० गते धरान उ.म.न.पा. - ०४ स्थित दानावारीसम्म प्रकृति विचरण (Nature Walk) कार्यक्रम सम्पन्न भयो ।

उक्त कार्यक्रममा यस केन्द्रका समादेशक प्रहरी वरिष्ठ उपरीक्षक अबि नारायण काफ्लेज्यू, सह- समादेशक प्रहरी नायव उपरीक्षक रविन विष्ट, प्रहरी निरीक्षकहरु, प्रशिक्षक वर्ग तथा प्रशिक्षार्थीहरु समेतको सहभागिता रहेको थियो ।



- **सरुवा भई हाजिर हुन आउनु भएको प्र.नि. ऋषि राज ढाकालको स्वागत कार्यक्रम सम्पन्न**

(२०८१ भदौ ३१ गते):

तालुक नेपाल प्रहरी प्रधान कार्यालय मानवश्रोत विकाश विभाग कर्मचारी प्रशासन शाखाको मिति २०८१/०५/१७ गतेको पत्रादेशले यस कोशी प्रदेश प्रहरी तालिम केन्द्रमा दरबन्दी भई मिति २०८१/०५/३० गते हाजिर हुनु भएको प्रहरी निरीक्षक ऋषि राज ढकालज्यूलाई यस केन्द्रका समादेशक प्रहरी वरिष्ठ उपरीक्षक अबि नारायण काफ्लेज्यू लगायत अन्य प्रहरी कर्मचारीहरुद्वारा स्वागत कार्यक्रम सम्पन्न गरियो ।



- **तालिम केन्द्रको समादेशकज्यूको उपस्थितिमा सिनियर प्रहरी अधिकृत लगायत तालिमरत प्रशिक्षार्थीहरुसँग संयुक्त रुपमा दिवा खाना कार्यक्रम सम्पन्न:**

(२०८१ भदौ ३१ गते):

मिति २०८१ भदौ ३१ गते यस केन्द्रका समादेशक प्रहरी वरिष्ठ उपरीक्षक अबि नारायण काफ्लेज्यू सहित सिनियर प्रहरी अधिकृतहरुको सहभागीतामा यस केन्द्रमा मिति २०८१ साउन २१ गते बाट संचालन भएको ट्राफिक नियन्त्रण (प्र.ज.देखि प्र.व.ह.) तालिम तेस्रो समूह र मिति २०८१ भदौ १८ गतेबाट संचालन भएको व्यक्तिगत सुरक्षा (प्र.ज. देखि प्र.व.ह.) तालिम २७ औं समूहका प्रशिक्षार्थीहरुसँग संयुक्त रुपमा दिवा खानामा सरिक हुनु भयो ।

